नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
पुल्चोक, ललितपुर

**Sanitary Napkin Manufacturing Machine खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक सूचना प्रकाशित मिति २०७५/५/२६

यस केन्द्रको लागि तपशिल बमोजिमको सामान खरिद गर्न पर्ने भएकोले इच्छुक आपूर्तिकर्ताहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउपत्र सम्वन्धी कागजपत्रहरु खरिद गरी १६ औं दिनको १२ बजे भित्र दर्ता गर्ने गरी केन्द्रको वेभसाइट **www.tepc.gov.np** र सूचना पाटीमा उल्लेख भए बमोजिमको शर्तहरु समेतको अधिनमा रहने गरी रितपूर्वकको सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ।

तपशिल

| सि.नं. | दरभाउपत्र नम्बर | सामानको विवरण | परिमाण | लागत अनुमान रु. | जमानत रकम रु. |
|---|---|---|---|---|---|
| १. | **TEPC/PD1-2075/76** | Sanitary Napkin Manufacturing Machine (कन्चनपुर जिल्ला स्थित पुनर्वास नगरपालिकाको कार्यालय परिसर सम्म ढुवानी र जडान खर्च सहित) | १सेट | १४,७५,०००/- (मु.अ.कर वाहेक) | ४००००/- |

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

पुल्चोक, ललितपुर

## Sanitary Napkin Manufacturing Machine खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७५/५/२६

यस केन्द्रको लागि स्वीकृत स्पेसिफिकेसन वमोजिमको तपशिलमा उल्लेखित सामान खरिद गर्नु परेकोले इच्छुक ईजाजत प्राप्त फर्म वा कम्पनी तथा सप्लायर्सबाट देहायका शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ।

१. योग्य सिलवन्दी दरभाउ-पत्रदाताले शिलवंन्दी दरभाउ–पत्र सम्बन्धी कागजातहरु केन्द्रको कार्यालय पुल्चोक, ललितपुरबाट लिखित निवेदनका साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, PAN/VAT दर्ता प्रमाणपत्र र आ.व. २०७३/७४ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी पेश गरी सोको दस्तुर रु.१,०००.०० (एक हजार) मात्र (फिर्ता नहुने गरी) मिति २०७५/६/९ गते कार्यालय समय भित्र केन्द्रमा बुझाई खरिद गर्नु पर्नेछ।

२. सिलबन्दी गरिएको दरभाउ-पत्र केन्द्रको कार्यालयमा मिति २०७५/६/१० गते दिनको १२.०० बजे भित्र बुझाउनु पर्नेछ ।सिलबन्दी गरिएको दरभाउ-पत्रको खाममा स्पष्टसँग दरभाउ–पत्र नम्बर उल्लेख गर्नुपर्ने छ ।

३. सिलबन्दी गरी तोकिएको समयभित्र पेश भई प्राप्त भएका दरभाउ–पत्रहरु, उपस्थित हुन चाहेका सिलवन्दी दरभाउ-पत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा, केन्द्रको कार्यालय, पुल्चोक, ललितपुरमा मिति २०७५/६/१० गते दिनको २.०० बजे खोलिनेछ । दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन ।

४. दरभाउ–पत्रको साथ जमानत रकम रु.४०,०००।- केन्द्रको नाममा नेपाल बैंक लिमिटेड, गावहाल ललितपुरमा रहेको खाता नं. ०१८०२००००००००३००००५१ र कार्यालय कोड नं. २८-३०७-०३ मा जम्मा गरेको रकमको सक्कल बैंक भौचर वा यस केन्द्रको नाममा दरभाउ-पत्र पेस गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त वाणिज्य बैंकबाट जारि भएको बैंक ग्यारेन्टि (विड वण्ड) को सक्कलै प्रति पेस गर्नु पर्नेछ ।

५. दरभाउ–पत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन र समयमा दरभाउ-पत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अबस्थामा दरभाउ-पत्र र दरभाउ-पत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।

६. म्याद नाघि र रित नपुगि प्राप्त भएको दरभाउ-पत्र उपर कुनै कारवाही हुने छैन ।

७. कुनै वा सबै दरभाउ-पत्र कारण जनाई वा नजनाई पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार केन्द्रमा निहित रहने छ ।

८. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन,२०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुने छ ।

९. योग्य सिलवन्दी दरभाउ-पत्रदाताहरूले थप जानकारीको लागि वा सिलवन्दी दरभाउ-पत्र सम्बन्धी कागजातहरु र स्पेसिफिकेशन हेर्न (अध्ययन गर्न) चाहेमा कार्यालय समयभित्र यस केन्द्रमा सम्पर्क राख्न सकिनेछ ।

१०. यो सूचना केन्द्रको वेभसाइट www.tepc.gov.np वा सूचना पाटीमा समेत हेर्न सकिनेछ।साथै यस सम्वन्धी थप जानकारीको लागि फोन नं.९७७-०१-५५५११५७, ९७७-०१-५५२५८९८, ९७७-०१-५५३२६४३ मा सम्पर्क गर्न सकिनेछ ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
ललितपुर, नेपाल

तपशिल

| सि.नं. | दरभाउपत्र नम्बर | सामानको विवरण | परिमाण | लागत अनुमान रु. | जमानत रकम रु. |
|---|---|---|---|---|---|
| १. | **TEPC/PD1-2075/76** | Sanitary Napkin Manufacturing Machine (कन्चनपुर जिल्ला स्थित पुनर्वास नगरपालिकाको कार्यालय परिसर सम्म ढुवानी र जडान खर्च सहित) | १सेट | १४,७५,०००/- (मु.अ.कर वाहेक) | ४००००/- |